न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३४ ❖ २०८२ चैत ११ गते बुधबार ❖ Wednesday, 25 March, 2026 ❖ मूल्य रू. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)

पहिरोको उच्च जोखिममा नारायणगढ-मुग्लिन सडक

आठ उच्च, २२ मध्यम र १३ सामान्य

भरतपुर। नारायणगढ-मुग्लिन सडकखण्डका ४३ ठाउँ पहिरोको जोखिममा छन्। सडक डिभिजन

फाइल फोटो।

कार्यालय भरतपुरले गरेको अध्ययन अनुसार आठ ठाउँ उच्च जोखिममा, २२ ठाउँ जोखिममा र १३ ठाउँ सामान्य जोखिमको अवस्थामा रहेका छन्। कार्यालयले गरेको अध्ययनअनुसार उच्च जोखिम भनिएको तुइन खोला अति उच्च जोखिम रहेको छ।

कार्यालयका इञ्जिनियर अर्जुन घिमिरेका अनुसार तुइनसँगै काली र नाम्सी खोला उच्च जोखिममा छन्। यस्तै, तुइन खोलाबाट चिसेन्जीको बीचको भाग, चार किलोको दुई ठाउँ, मौरी खोला र सेती दोभान पहिरोको उच्च जोखिममा रहेका उनले जानकारी दिए।

'तुइन र चिसेन्जीको बीचमा ढुङ्गा झर्ने समस्या छ। तुइन, काली र नाम्सी खोलाको छेउमा पहिरोको उच्च जोखिम छ। चार किलोको दुई ठाउँमध्ये एउटामा पहिरो र अर्कोमा लेदो झर्ने समस्या रहेको छ। मौरी खोला र सेती दोभानमा लेदोसहितको पहिरोको उच्च जोखिम छ', इन्जिनियर घिमिरेले भने। साथै १६ किलो, १७ किलो, डुम्रे खोला, सिमलताललगायत ठाउँ जोखिममा रहेका उनले जानकारी दिए।

गत वर्षदेखि ती ठाउँमा पहिरोको जोखिम थियो। कार्यालयका प्रमुख नारायण लामिछानेका अनुसार तुइन, काली र नाम्सी खोलामा पहिरो रोकथाम गर्न खरिद गुरुयोजना स्वीकृतिका लागि माघ २३ गते सडक विभाग पठाइसकिएको छ। विभागले डिजाइन कार्यसमेत अन्तिम चरणमा

(बाँकी ५ पेजमा)

आन्तरिक पर्यटन प्रवर्द्धन

'घुमौं चितवन' अभियान पुनः सञ्चालनमा

भरतपुर। जिल्ला प्रहरी कार्यालय चितवनले 'घुमौं चितवन' कार्यक्रम पुनः सुरू गरेको छ। आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

जेनजी प्रदर्शन, निर्वाचनलगायत कारणले रोकिएको उक्त कार्यक्रम

पुनः सुरू गरिएको हो।

जिल्लाका विभिन्न क्षेत्रमा कार्यरत प्रहरी एक ठाउँबाट अर्को भूगोलमा गएर त्यहाँको पर्यटकीय गन्तव्यमा रमाउनुका साथै यसले आन्तरिक पर्यटन प्रवर्द्धन हुने विश्वास लिइएको छ। प्रहरीले तनाव व्यवस्थापन गर्ने, रचनात्मक तथा मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्ने, भाइचारा सम्बन्ध कायम गराउने, अनुभव साटासाट गर्ने, पर्यटन प्रवर्द्धन गर्नेलगायत कार्यक्रम गर्दै आएको छ।

कायालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार प्रहरीलाई केही समय आराम गराउने, आन्तिरक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा डुङ्गा सयर, च्याफ्टिङ, हाइकिङलगायत पर्यटकीय गतिविधि सञ्चालन हुँदै आएका छन्। साथै, चितवन राष्ट्रिय निकुञ्जभित्र पर्यटकीय गतिविधिमा सहभागी गराउने गरिएको उनले बताए।

प्रहरी उपरीक्षक पुरीका अनुसार छिमेकी जिल्लामा समेत पुगेर त्यहाँका पर्यटकीय सम्पदामा रमाउने, विभिन्न गतिविधिमा संलग्ने हुने र ज्ञान आर्जन गर्ने गरिएको छ। आलोपालो गरी गरिएको यस कार्यक्रमले प्रहरी कर्मचारी प्रत्यक्षरूपमा लाभान्वित भएका उनले बताए।

करिब एक वर्ष अघिदेखि सुरू गरिएको उक्त कार्यक्रमले प्रहरीलाई पुनर्ताजगी र सरूवा भएर एक ठाउँबाट अर्को ठाउँमा जाँदा भूगोलको पनि उचित ज्ञान हुने गरेको उनको बुझाइ छ। जिल्ला प्रहरी कार्यालय मातहत चितवनमा नौ सय प्रहरी कार्यरत छन्। जिल्ला ट्राफिक, आठ वटा इलाकासहित जिल्लामा ७३ वटा युनिटमा रहेर प्रहरीले सेवा प्रवाह गरिरहेका छन्।

अनुमतिबिना माछा मार्ने ७० जना पक्राउ

भण्डारा। चितवन राष्ट्रिय निकुञ्जले अनुमतिविना माछा मार्नेलाई पक्राउ गरेको छ।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार निकुञ्जले राप्ती नदीमा अवैध रूपमा माछा मार्ने ७० जनालाई पक्राउ गरी कारबाही गरिएको छ।

यस्तै गैंडा मुद्दाका तीन, सालक मुद्दाका पाँच, निउरो टिप्ने ११, अवैध रूपमा घाँस दाउरा गर्ने ३० जना, पन्छी मार्ने एक जना, बिनाअनुमति राष्ट्रिय निकुञ्ज प्रवेश गर्ने चार र अन्य चार जनालाई पक्राउ गरी कारबाही गरिएको हो।

यस अवधिमा कार्यालयले अदातलमा दर्ता गराएको छ।

विभिन्न चार किसिमका मुद्दा सालकसम्बन्धी मुद्दा दुई, सवार ीसाधनको ठक्करबाट गैंडा घाइते मुद्दा एउटा, गैंडालाई करेन्ट लगाएर मारेको एउटा मुद्दा अदातलमा दर्ता गरेको उनले जानकारी दिए।

निकुञ्जले यस आर्थिक वर्षमा नौवटा मुद्दा फैसला गरेको छ।

उनका अनुसार गत आर्थिक वर्षबाट जिम्मेवारी सरिआएका २६ र यस वर्ष दर्ता भएको एउटा मुद्दामध्ये नौवटाको फैसला भएको छ। अहिले १८ मुद्दा चालु अवस्थामा छ।

चालु अवस्थामा रहेका मुद्दामध्ये सातवटा वनसम्बन्धी मुद्दा र ११ वटा मुद्दा वन्यजन्तुसँग सम्बन्धित छन्।

ट्याङ्करको ठक्करबाट महिलाको मृत्यु

रत्ननगर। रत्ननगर नगर-पालिका-९ निपनीमा डिजेल

बोकेको ट्याङकरले साइकलसहित चार सवारी साधनलाई ठक्कर दिएको छ। सोमबार दिउँसो तीन मोटरसाइकल र एक साइकललाई ट्याङ्करले ठक्कर दिएको चितवन प्रहरीले जनाएको छ।

ट्याङ्करले स्कुटरलाई ठक्कर दिँदा एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर

(बाँकी ५ पेजमा)

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७ हाम्रा सेवाहरू : ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

❖ मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं।
❖ मौसम पूर्वानुमानको जानकारी नियमितरुपमा लिऔं।
❖ प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं।
❖ जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं।
❖ वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं।
❖ ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं।
❖ वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

सम्पादकीय

आयोगको प्रतिवेदन नलुकाऊ

नेपालमा प्रतिवेदन भन्नासाथ जनताले पहिले नै सवाल उठाउँछन्, यो कागजी दस्तावेज दराजमा थन्किन्छ कि वास्तवमै न्यायको ढोका पनि खोल्छ होला ? जेनजी विद्रोहपछि बनेको उच्चस्तरीय आयोगको प्रतिवेदन पनि यही द्वन्द्वमा अडिएको छ। सरकारलाई बुझाइएको प्रतिवेदन अझै सार्वजनिक नभए पनि, यसले तत्कालीन प्रधानमन्त्रीदेखि आन्दोलनमा ढुङ्गा हानेर भाग्ने व्यक्तिसम्मलाई कानुनी दायरामा ल्याउन सिफारिस गरेको भनाइले जनतामा आशा र शङ्का दुवै उत्पन्न गरेको छ। जेनजी आन्दोलनमा ७६ जनाको ज्यान गएको, सयौं घाइते भएको, सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनजस्ता संरचना ध्वस्त भएको घटनालाई 'सामान्य राजनीतिक असन्तोष' भनेर पन्छाउन सकिँदैन। तर, नेपालमा प्रतिवेदन सार्वजनिक हुनु भनेको प्रायः 'सत्य उजागर' भन्दा 'सत्य लुकाउने' अभ्यासमा परिणत भएको छ। जनयुद्धकालीन आयोग होस् वा मेलमिलाप आयोगका प्रतिवेदन बाकसमा थन्किएका छन्। यही परम्परा दोहोरियो भने जेनजी आन्दोलनको प्रतिवेदन पनि 'फाइलको धुलो' बन्नेछ।

आयोगले जेनजी आन्दोलनमा बल प्रयोगको चरणबद्धता नभएको, तालिम कमजोर, कमान्ड संरचना अव्यवस्थितजस्ता सुरक्षा निकायको कमजोरी औंल्याएको छ। तर, विडम्बना के छ भने, नेपालमा सुरक्षा निकायलाई सुधार्ने कुरा प्रतिवेदनमा मात्र हुन्छ, अभ्यासमा कहिल्यै लागू हुँदैन। प्रतिवेदन कार्यान्वयन भए लोकतन्त्र बलियो हुन्छ, नभए दण्डहीनता अझै बढेर जानेछ। यही दण्डहीनता नै हाम्रो राजनीतिक संस्कृतिको 'स्थायी संविधान' जस्तो बन्न पुगेको छ। राजनीतिक नेतृत्वको उत्तरदायित्व पनि प्रतिवेदनले प्रश्न गरेको छ। आन्दोलनका क्रममा आदेश दिने नेताहरूलाई कानुनी दायरामा ल्याउने कुरा प्रतिवेदनमा छ। तर, नेपालमा नेताहरूलाई कानुनले छुन सक्ने अवस्था विरलै देखिन्छ। नेताहरूलाई कारबाही गर्ने कुरा 'कागजमा मात्र सम्भव' भन्ने जनमानसमा गहिरो विश्वास छ। यदि यो प्रतिवेदनले त्यो विश्वास तोड्न सकेन भने, लोकतन्त्रलाई 'जनताको शासन' भन्दा 'नेताको संरक्षण' मात्र मानिनेछ।

नेपालमा आन्दोलन लोकतान्त्रिक अभ्यास हो। तर, हिंसात्मक बन्न नदिन राज्य र आन्दोलनकारी दुवै जिम्मेवार हुन्छन्। प्रतिवेदनले औंल्याएका कमजोरी सुधार्न सकिए भविष्यमा शान्तिपूर्ण आन्दोलन सम्भव हुन्छ। तर, यदि प्रतिवेदन कार्यान्वयन नभए, आन्दोलन फेरि हिंसात्मक बन्नेछ, सुरक्षा फेरि कमजोर देखिनेछ र जनताको विश्वास फेरि भत्किनेछ। अन्ततः यो प्रतिवेदन केवल एउटा घटनाको विवरण होइन, नेपालको लोकतन्त्रको 'परीक्षा पत्र' पनि हो। सरकारले यसलाई कार्यान्वयन गऱ्यो भने लोकतन्त्रले अङ्क पाउनेछ; नगरे भने लोकतन्त्र असफल भएको प्रमाणपत्र पाउनेछ। प्रतिवेदन सार्वजनिक गर्नु भनेको कागज देखाउनु मात्र होइन, न्याय र विधिको शासन छ भन्ने देखाउनु हो। फागुन २१ गते निर्वाचन सम्पन्न गरेर बधाईको पात्र बनेको सुशीला कार्की नेतृत्वको सरकारले जाँदाजाँदै राजनीतिक नियुक्ति गरेर आफ्नो छवि धुमिल बनाएकी छन्। अब आयोगको प्रतिवेदनलाई 'इतिहासको धुलो' बनाउने कि 'भविष्यको आधार' सरकारको हातमा छ। सरकार लोकतन्त्र र विधिको शासनमा विश्वास गर्छ भने कुनै पनि बहानामा आयोगको प्रतिवेदन लुकाउनु हुँदैन।

शिशु मृत्युको ५ प्रमुख कारण मध्ये एक 'बाल मुटु रोग'



- अजित मिश्र

स्वास्थ्य

विश्वभर हरेक वर्ष फेब्रुअरी ७ देखि १४ सम्म 'जन्मजात मुटु रोग सचेतना सप्ताह' मनाइन्छ। नेपालमा पनि करिब १ प्रतिशत बालबालिका मुटुमा कुनै न कुनै बनावटगत समस्या लिएर जन्मिने गरेका छन्।

धेरै अभिभावकहरूमा अझै पनि साना बालबालिकालाई मुटुको रोग लाग्दैन भन्ने भ्रम छ, जसले गर्दा समयमै उपचार नपाएर बालबालिकाहरूले ज्यान गुमाउनु परिरहेको छ।

यसै सन्दर्भमा, कान्तिपुर हेल्थका लागि चितवन मेडिकल कलेजका बाल मुटु रोग विशेषज्ञ डा. अजित मिश्रसँग विशेष कुराकानी गरेका छौं। बालबालिकामा हुने मुटुको समस्या, यसको पहिचान र उपचारका विषयमा डा मिश्रसँग गरिएको संवाद -

१) जन्मजात मुटु रोग भनेको के हो र यो कत्तिको आम समस्या हो ?

कुनै पनि बच्चा गर्भमा हुँदादेखि नै मुटुको बनावटमा समस्या लिएर जन्मिन्छ भने त्यसलाई जन्मजात मुटु रोग भनिन्छ। यो विश्वभर नै जन्मिएका बच्चाहरू मध्ये करिब एक प्रतिशतमा देखिने समस्या हो। ओठ च्यातिएको वा थप औंला हुनु जस्ता जन्मजात विकारहरूमध्ये मुटु रोग नै सबैभन्दा धेरै देखिने समस्यामा पर्छ।

२) नेपालमा यसको अवस्था र पहिचानको प्रक्रिया कस्तो छ ?

नेपालमा पनि विश्वको तथ्याङ्क जस्तै १ प्रतिशत बच्चाहरूमा यो समस्या देखिन्छ। अहिले यसको पहिचानमा धेरै सुधार भएको छ। बच्चा गर्भमा छँदै २० हप्तातिर गरिने 'एनोमली स्क्यान' बाट मुटुको बनावट हेर्न सकिन्छ। केही शङ्का लागेमा 'फिटल इकोकार्डियोग्राफी' मार्फत गर्भमै मुटु रोग पत्ता लगाउन सकिन्छ, जसले गर्दा जन्मिएपछि उपचारको पूर्वतयारी गर्न सजिलो हुन्छ। बच्चा जन्मिएपछि 'इकोकार्डियोग्राफी' गरेर पनि सजिलै रोग पत्ता लगाउन सकिन्छ।

३) धेरैलाई साना बालबालिकामा पनि मुटु रोग हुन्छ भन्ने विश्वास लाग्दैन, वास्तविकता के हो ?

हो, यो एउटा भ्रम हो। वयस्कहरूमा मुटु रोग खानपान र व्यवहारले हुन्छ, तर बच्चाहरूमा यो गर्भमै मुटु बन्दा हुने समस्या हो। विश्वभर बालबालिकाको मृत्यु हुने प्रमुख पाँच कारणमध्ये जन्मजात मुटु रोग पनि एक हो। त्यसैले यसलाई हल्का रूपमा लिनु हुँदैन।

४) अभिभावकले बच्चामा मुटुको समस्या छ भनेर कसरी थाहा पाउने? यसका लक्षणहरू के-के हुन् ?

यसलाई हामीले दुई भागमा बाँड्छौं: १. निलो हुने (Cyanotic): बच्चाको ओठ र औंलाहरू निलो देखिने, रुँदा वा खेल्दा निलोपन बढ्ने हुन्छ। २. निलो नहुने (Acyanotic): यसमा मुटुमा प्वाल वा भल्भमा समस्या हुन्छ। यसका लक्षणहरूमा सास छिटो-छिटो फेर्ने, पटक-पटक निमोनिया हुने, र तौल नबढ्ने हुन्छ।

विशेष गरी दूध खुवाउँदा बच्चा छिट्टै थाक्ने, खलखल पसिना आउने र पटक-पटक रोकिएर दूध चुस्ने गर्छ भने त्यो मुटु रोगको लक्षण हुन सक्छ। ठुला बच्चाहरूमा सामान्य भन्दा धेरै थाक्ने वा धेरै रुने (Unconsolable crying) जस्ता समस्या देखिन्छन्।

५) मुटुमा हुने प्वालहरू कति प्रकारका हुन्छन्? के सबै प्वाल खतरनाक हुन्छन् ?

मुटुका चार कोठाहरूमध्ये माथिल्लो कोठाको बिचको प्वाललाई 'एएसडी' (ASD) र तल्लो कोठाको बिचको प्वाललाई 'भीएसडी' (VSD) भनिन्छ। यस्तै, मुटुका दुई मुख्य नसा जोड्ने 'पीडीए' (PDA) पनि एउटा समस्या हो।

सबै प्वाल खतरनाक हुँदैनन्। साना प्वालहरू (PFO) उमेरसँगै आफैं टालिन सक्छन्, जसका लागि उपचार चाहिँदैन। तर प्वालको आकार ठुलो छ र मुटुमा लोड परिरहेको छ भने समयमै उपचार गर्नुपर्छ।

६) समस्या हुनुको मुख्य कारण के हो ? के यो वंशानुगत हुन्छ ?

यसका धेरै कारणहरू छन् :

-वंशानुगतः परिवारमा कसैलाई मुटु रोग छ भने बच्चामा हुने सम्भावना ५ देखि ६ गुणा बढी हुन्छ।

-हाडनाता विवाहः नातागोताभित्र विवाह गर्दा खराब जीन हस्तान्तरण हुने जोखिम रहन्छ।

-गर्भावस्थामा आमाको बानीः धुम्रपान, मध्यपान, लागु औषध सेवन वा डाक्टरको सल्लाह बिना छारे रोग, थाइरोइड वा ब्लड प्रेसरको औषधि खाँदा समस्या हुन सक्छ।

-पोषणको कमीः विशेष गरी फोलिक एसिडको कमीले पनि मुटुमा समस्या देखिन्छ।

यसको उपचार कसरी गरिन्छ? के उपचारपछि बच्चा सामान्य जीवन बाँच्न सक्छ ?

उपचारका दुई मुख्य तरिका छन्: १. एन्जियोप्लास्टी (छाती नचिरिकन): क्याथ ल्याबमा बटन जस्तो डिभाइस (Device closure) राखेर प्वाल टालिन्छ वा बेलुनको सहायताले साँघुरो बाटो खुलाइन्छ। २. ओपन हार्ट सर्जरीः मुटु चिरेर शल्यक्रियामार्फत प्वाल टालिन्छ।

बेलैमा उपचार गरियो भने बच्चाले अरू सामान्य मानिस सरह नै जीवन बाँच्न सक्छ। तर ढिला भयो भने फोक्सोको प्रेसर बढेर उपचार असम्भव हुन सक्छ। याद राख्नुहोस्, मुटुको औषधीले लक्षण कम गर्ने र मुटुको लोड घटाउने मात्र हो, प्वाल टाल्ने होइन।

७) अन्त्यमा, अभिभावकहरूलाई केही विशेष सन्देश छ कि ?

मेरो चारवटा मुख्य सुझावहरू छन्: १. नियमित फलोअपः बच्चा अलि ठिक देखिने बित्तिकै औषधि वा फलोअप बीचमै नछोड्नुहोस्। २. पोषणः मुटु रोगी बच्चालाई सामान्य भन्दा डेढ गुणा बढी पोषण (प्रोटिन, भिटामिन, फ्याट) चाहिन्छ। ३. खोपः मुटुको रोग लागेको बच्चालाई पनि सबै सरकारी खोपहरू नियमित लगाउनुपर्छ। ४. गर्भावस्थाको तयारीः समयमै गर्भधारणको योजना बनाउने, फोलिक एसिड सेवन गर्ने र दीर्घकालीन रोगको औषधि खाइरहनुभएको छ भने विशेषज्ञको सल्लाह लिने गर्नुहोस्।

मेकना तामाङ
प्रोप्राइटर

मो. ९८५५०८२३८८, ९८०७२०८०८१

मनछानी कृषि फर्म

भरतपुर-२१, रतनपुर, चितवन

उन्नत जातका बाख्रा, हाँस, कुखुरा, पाडा तथा पाल्तु जनावरहरू खरिद तथा बिक्री गरिन्छ।

विपन्न परिवारलाई आवास निर्माण सुरु

पदमपुर। कालिका नगरपालिकामा विपन्न परिवारका लागि आवास निर्माण सुरू भएको छ। नगरपालिका र लुमन्ती आवासका लागि सहयोग समूहको सहकार्यमा विपन्न परिवारका लागि आवास निर्माण सुरू भएको हो।

यस आर्थिक वर्षमा ३० वटा घर निर्माण गर्ने योजनाअनुसार शुक्रबार एउटा घर हस्तान्तरण-समेत गरिएको छ। कालिका-६, गुरौचौरका अमर कुमालका लागि आवास निर्माण गरी हस्तान्तरण गरिएको हो।

कालिका नगरपालिका प्रमुख विनोद रेग्मीले रिबन काटेर घरको उद्घाटन गरे भने साँचो अमर कुमाललाई हस्तान्तरण गरे।

सो अवसरमा बोल्दै प्रमुख रेग्मीले विपन्न परिवारका लागि शिक्षा, स्वास्थ्य, आवासको व्यवस्था गर्नु नगरपालिकाको दायित्व रहेको भन्दै सोहीअनुसार वडा, नगरपालिकाले काम गरिरहेको बताए। विपन्न समुदायमा शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर समृद्ध कालिका निर्माणको नारालाई साकार पार्ने पनि उनको भनाइ थियो। सिमलघारी गौचरनस्थित उनको आफ्नै जग्गामा १ कोठे भवन र शौचालय बनाएर हस्तान्तरण गरिएको हो। कुमाल सात वर्षदेखि अपाङ्ग छन्।

अमरको जस्तै कालिका नगरक्षेत्र भित्र लुमन्ती र कालिका नगरपालिकाको साझेदारीमा ३० वटा विपन्न परिवारका लागि घर बनाउने सम्झौता भएको छ। सो अवसरमा लुमन्तीका कार्यक्षेत्र संयोजक सिंहबहादुर वाइबाले घर निर्माणको आम्दानी, खर्चको विवरण सार्वजनिक गरेका थिए।

संयोजक लामाले नगरपालिकाभित्रका विभिन्न समुदायको नेतृत्व विकासदेखि जलवायु परिवर्तन, संरचना निर्माणमा नगरपालिका, वडा र सम्बन्धित समुदायसँग मिलेर काम गरिरहेको बताए। नगरपालिकासँग भएको सम्झौताअनुसार आगामी आइतबार ५ वटा घरको निर्माण सुरू गरिन लागेको संयोजक वाइबाले जानकारी दिए।

अमर कुमालको घर हस्तान्तरणमा नगर उपप्रमुख विमला तामाङ, कालिका-६ का वडा अध्यक्ष टीकाराम रेग्मी, कालिका-२ का वडा अध्यक्ष लक्ष्मण पौडेल, नगरपालिकाका शाखा प्रमुख प्रकाश पौडेललगायतको उपस्थिति थियो।

सिमलघारी टोल विकास संस्थाका अध्यक्ष यदुप्रसाद खतिवडाको अध्यक्षतामा भएको घर हस्तान्तरण कार्यक्रममा जनचेतना महिला समूहकी अध्यक्ष चमेली कुमालले स्वागत मन्तव्य राखेकी थिइन्।

बागमतीका सबै जिल्लालाई स्वस्थ सहर घोषणा गर्ने

भरतपुर। बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लालाई 'एक जिल्ला एक स्वस्थ सहर' घोषणा गर्ने तयारी गरिएको छ। बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले स्वास्थ्य मन्त्रालयले प्रत्येक जिल्लाको एउटा सहर वा पालिकालाई स्वस्थ्य सहर बनाएर घोषणा गर्नेगरी अभियान सञ्चालन गरेको जानकारी दिए।

यसका लागि प्रदेशका १३ वटै जिल्लाका जनस्वास्थ्य कार्यालय प्रमुख, जिल्ला अस्पतालका प्रमुख एवं प्रतिनिधिलगायत सरोकार भएका निकायलाई स्वस्थ, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरणसमेत सम्पन्न गरिसकेको उनले जानकारी दिए। अभिमुखीकरण अनुसार आवश्यक तयारी थाल्न उनले सरोकार भएका सबैलाई निर्देशन दिए।

प्रदेशका प्रत्येक जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुऱ्याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने गरी 'एक जिल्ला एक स्वस्थ सहर' निर्माण अभियानलाई अगाडि बढाउने निर्णय गरिएको मन्त्री थापामगरले उल्लेख गरे।

प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव सुमित्रा गौतमले स्वास्थ्य क्षेत्रको प्रभावकारी कार्यान्वयन, उपलब्धि मूल्याङ्कन तथा सुधारका अवसरको पहिचान गरी प्रत्येक जिल्लालाई स्वस्थ्य सहर निर्माण गरी स्वस्थ्य नागरिक बनाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको धारणा राखे।

उनले बागमतीलाई स्वास्थ्य क्षेत्रमा नमूना प्रदेश बनाउने लक्ष्यका साथ स्वास्थ्य क्षेत्रलाई व्यवहारिक, दिगो र परिणाममुखी बनाउनेगरी योजना तर्जुमा गरिएको जानकारी दिए।

प्रदेशका १३ वटै जिल्लामा स्वास्थ्य सेवामा गुणस्तरीय बनाउने, पहुँच विस्तार, जनचेतना वृद्धि तथा प्रविधिको प्रभावकारी प्रयोग गर्दै प्राथमिकताका क्षेत्र निर्धारण गरी प्रदेशको समग्र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने लक्ष्य लिइएको उनको भनाइ छ।

प्रत्येक नागरिकले उपचार आफ्नै जिल्लाका अस्पतालमा सहज रूपमा पाउने गरी व्यवस्था गर्दै अस्पताललाई उपकरण, प्रविधिमैत्री बनाउने गरी व्यवस्थापनको तयारी थालिएको स्वास्थ्य सचिव गौतमले जानकारी दिए।

स्वस्थ्य सहर, स्वस्थ्य नागरिकका लागि प्रदेश स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालन गर्नेगरी प्रत्येक जिल्लामा तयारी गरिएको उनले बताए।

सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

स्वास्थ्य/खेलकुद

स्वस्थ जीवनशैली मानिसमा : आवश्यक ९ सुत्र

स्वस्थ जीवनशैलीले प्राकृतिक रुपमा नै उच्च तहको उर्जा प्रदान गर्छ र फूर्तिलो बनाउँछ। यसैले स्वास्थ्यका लागि आफ्नो दैनिक जीवनशैली परिवर्तन गर्न कहिल्यै पनि ढिलाई गर्नु हुँदैन। स्वस्थ जीवनशैलीका केही आधारहरु यी हुन् :

१. निन्द्रा : निन्द्रा स्वस्थ जीवनशैलीको एउटा अभिन्न पाटो हो। शरीरलाई आराम प्रदान गर्न, उर्जा दिन र भोलिपल्ट अझै बढी फूर्तिलो भएर काम गर्न शरीरलाई निन्द्रा आवश्यक हुन्छ। व्यस्त जीवनशैलीका कारण केही मानिस पर्याप्त निन्द्रा पाउन सक्दैनन्। अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार पर्याप्त सुत्न नपाउने मानिसको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुनुका साथै मानसिक समस्या उत्पन्न हुने खतरा हुन्छ।

पानी : पानी सम्पूर्ण जीवित प्राणीलाई बाँच्नका लागि नभई नुहने तत्व हो। पानीबिना जीवनको अस्तित्व नै असम्भव छ। मानिसको शरीर पानीले नै बनेको हुन्छ र शरीरमा बारम्बार पानी पूर्ति गर्नुपर्छ। यसका लागि सक्दो बढी पानी पिउनुपर्छ। पानीले शरीरबाट अनावश्यक उत्तेजक पदार्थ फाल्न सहयोग गर्छ। स्वस्थ रहन र अन्य रोगबाट बँच्न पनि एक वयस्क मानिसलाई दैनिक कम्तिमा ५ लिटर पानी चाहिन्छ। पानीले शारीरिक र मानसिक रुपमा स्फूर्ति दिन्छ।

३. उचित भोजन : स्वस्थ जीवनशैलीका लागि अर्को आवश्यक तत्व हो स्वस्थ भोजन। यसका लागि स्वस्थ फलफुल, सागसब्जी, मासु, गेडागुडी नियमित उपभोग गर्नुपर्छ। तेलीय, चिल्लोयुक्त, सोडियम बढी भएको खानेकुरा कहिल्यै खानुहुन्न।

४. व्यायाम : स्वस्थ जीवनशैलीका लागि व्यायाम पनि एउटा महत्वपूर्ण पाटो हो। नियमित व्यायाम गरेर स्वास्थ्यसम्बन्धी केही समस्यामा सुधार ल्याउन सकिन्छ। ड्युक टुडेका अनुसार स्वस्थ भएर बाँच्न वयस्क मानिस कम्तिमा पनि आधा घन्टा व्यायाम गर्नुपर्छ।

५. सकारात्मक सम्बन्ध : जीवनमा सकारात्मक र मैत्रीपूर्ण सम्बन्धले मानिसको जीवनशैलीलाई अझै स्वस्थ बनाइदिन्छ। कतिपय मानिसले नकारात्मक सम्बन्धलाई महसुस गर्दैनन् जसका कारण उनीहरुमा शारीरिक रुपमा अस्वस्थ हुन्छन्। नकारात्मक सम्बन्धले पेट दुख्ने, टाउको दुख्ने, ढाड दुख्ने, भोक नलाग्ने लगायतका समस्या उत्पन्न हुन्छन्। स्वस्थ जीवनशैलीका लागि सधैं सकारात्मक सम्बन्ध कायम गर्नुपर्छ।

६. विश्राम : दैनिक काममा केही क्षण विश्राम लिनु पनि स्वस्थ जीवनशैलीको अर्को महत्वपूर्ण पाटो हो। आफ्नो बहुमुल्य समय खेर नफाली समय-समयमा ब्रेक लिनुपर्छ।

७. मानसिक स्वास्थ्य : मानसिक रुपमा स्वस्थ भएमा तपाईंको समग्र स्वास्थ्य जीवनशैलीमा सुधार आउछ। मानसिक पीडा र चिन्ताले शारीरिक रुपमा समेत असर गर्छ। योगा, ध्यान, रमाइलो पार्ने व्यायामबाट तनाबमुक्त भई खुसी जीवनयापन गर्नुहोस्।

८. ताजा हावा र सूर्यको घाम : कार्यालय र कामबाट फुर्सद लिएर बाहिरको ताजा मौसमको स्वच्छ हावा लिनुहोस्। शरीरलाई घाम पनि आवश्यक हुने भएकाले कामबाट ब्रेक लिएर घाम लिनुहोस्।

९. नियमित स्वास्थ्य परीक्षण गर्ने : सम्भव भए वर्षमा एकपटक सम्पूर्ण शरीर परीक्षण गर्नुहोस्।

आठ महिनामा मरे १७ गैंडा

भरतपुर। चितवनमा चालु आर्थिक वर्षको आठ महिनामा १७ वटा गैंडा मरेका छन्। तीमध्ये एउटा विद्युतीय करेन्ट लागेर मरेको हो भने बाँकी प्राकृतिक कारणले मरेका हुन्। यस आर्थिक वर्षमा गैंडासहित ५७ वटा वन्यजन्तु मरेका छन्। साउनयता निकुञ्ज र आसपासका क्षेत्रमा ती वन्यजन्तु मरेका हुन्।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार यस आर्थिक वर्षमा बाघ ४ वटा, हात्ती ३ वटा र १८ वटा चित्तल मरेका छन्। चितुवा, जरायो, मगर गोही तथा घडियाल गोही २/२ वटा, अजिङ्गर, सुन गोहोरो १/१ वटा र अन्य वन्यजन्तु ४ वटा मरेका छन्। ती वन्यजन्तु प्राकृतिक कारणले मरेका हुन्।

ती वन्यजन्तुहरू दलदलमा फसेर, जुधेर, दुर्घटनामा परेर, बाघको आक्रमणमा परेरलगायत कारण मरेका हुन्। यस आर्थिक वर्षमा सचेतनासँगै सामाजिकरूपमा जागेको भावनाका कारण चोरी सिकारीको निशानाबाट वन्यजन्तु जोगाउन सकिएको उनले बताए।

समुदायस्तरमा संरक्षणको चेतना बढेसँगै वन्यजन्तुको चोरी सिकारी न्यूनीकरणमा सहयोग पुगेको उनले बताए। गत आर्थिक वर्षमा ८१ वटा वन्यजन्तु मरेका थिए।

बखान सहकारीद्वारा 'मार्ट' सञ्चालनमा

शारदानगर। भरतपुर महानगरपालिका-१९, बखानपुर शारदानगरस्थित मुलुकको जेठो बखान बहुउद्देश्यीय सहकारी संस्थाले मार्ट सञ्चालनमा ल्याएको छ। बखान मार्टको शनिबार एक कार्यक्रमबीच संस्थाका संरक्षक चन्द्रध्वज गुरूङले उद्घाटन गरे।

सहकारीका सेयर सदस्यहरुलाई सहज, सस्तो र गुणस्तरीय सामग्री बिक्री गर्ने उद्देश्यले मार्ट सञ्चालनमा ल्याइएको सहकारीका संरक्षक गुरूङले बताए।

'सेयर सदस्यहरुलाई गुणस्तरीय सामग्री बिक्रीवितरण गर्ने उद्देश्यले मार्ट सञ्चालनमा ल्याएका छौं', संस्थाकी अध्यक्ष देवी थापा मगरले भनिन्, 'यसबाट सेयर सदस्यहरुले गुणस्तरीय सामग्री प्राप्त गर्नुहुने छ।'

सदस्य र समुदायका मानिसलाई आवश्यक पर्ने मल, तेल संस्थाले बिक्री गर्दै आएको छ। विसं २०१३ चैत २० गते सहकारी दर्ता भएको थियो। सहकारी विभागका तत्कालीन रजिष्ट्रार कृष्ण बम मल्लको हातबाट सहकारी दर्ता भएको थियो, जसको दर्ता नं १ रह्यो। योसँगै नेपालमा अन्य सहकारीको पनि प्रादुर्भाव भयो। नेपालमा सहकारी अवधारणको सुरूवात गर्ने नायक स्व. बखानसिंह गुरूङ हुन्।

२२ उद्यमी महिलालाई व्यावसायिक योजना निर्माण तालिम प्रदान

रत्ननगर। रत्ननगर वडा नं-१५ का उद्यमी महिलाहरुलाई व्यावसायिक योजना निर्माणसम्बन्धी तालिम दिइएको छ। वडा कार्यालयको सहयोगमा नारी जागरण केन्द्रले दिएको तालिममा २२ जनाको सहभागिता रहेको थियो।

संस्थाकी अध्यक्ष विमला सुवेदी खनालको अध्यक्षतामा भएको तालिमको उद्घाटन वडाध्यक्ष आशिक तामाङले गरेका थिए।

केन्द्रकी अध्यक्ष खनालले उद्यमशीलता प्रवर्द्धनका लागि सीप सिकेर बसेका तथा व्यवसाय सुरू गरेका स्थानीय महिलाहरुको व्यावसायिक विकासका लागि योजना निर्माणसम्बन्धी तालिम प्रदान गरिएको बताइन्। तालिममा ब्युटीपार्लर, सिलाइकटाइ, बङ्गुरपालन, खाजाघर र गाईपालन गरेका महिलाहरु सहभागी छन्।

वडाध्यक्ष तामाङले सिकेका सीप र लिएका ज्ञानलाई वास्तविक जीवनमा व्यवहारमा उतारेमात्रै तालिमले सार्थकता पाउने बताए।

कार्यक्रममा सहमति संस्थाका प्रशिक्षक सुन्दर बानियाँले सहजीकरण गरेका थिए। केन्द्रकी कार्यसमिति सदस्य कविता अधिकारी खनालले सञ्चालन गरेको कार्यक्रममा महासचिव सरस्वती लामाले स्वागत मन्तव्य राखेकी थिइन्।

मध्यपूर्वको सैन्य तनाव

चितवनलगायत देशैभरका पर्यटन क्षेत्र मारमा

भरतपुर। मध्यपूर्वमा बढ्दो सैन्य तनावको प्रत्यक्ष प्रभाव यहाँको पर्यटन क्षेत्रमा देखिएको छ। हवाई यात्रा महँगो र असुरक्षित भएपछि नेपाल घुम्न आउन लागेका धेरै पर्यटकले यात्रा रद्द गरेका छन्।

भारत, चीन र अस्ट्रेलियाबाहेकका देशबाट यहाँको सौराहा क्षेत्रमा घुम्न आउने पर्यटकले यात्रा रद्द गरेको व्यवसायीहरू बताउँछन्। विगतका वर्षमा यतिबेला सौराहाका होटलहरू ८० प्रतिशत हाराहारी भरिने गरेको व्यवसायी बताउँछन्। उनीहरूको भनाइमा यसवर्ष यतिबेला २० प्रतिशत हाराहारी मात्र पर्यटक आएका छन्। निर्वाचनका कारण १५ दिन प्रभावित बनेको सौराहाको पर्यटन क्षेत्रमा त्यसलगत्तै मध्यपूर्वको द्वन्द्वको प्रभाव परेको हो।

क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डेले फेब्रुअरी, मार्च र अप्रिल महिना सौराहाको मुख्य पर्यटकीय मौसम भएको बताउँछन्। विगतका वर्षहरूमा यतिबेला होटलका ८० प्रतिशत कोठा भरिने गरेको भन्दै उनले यसवर्ष २० प्रतिशत हाराहारी मात्र कोठा भरिएको जानकारी दिए। उनले भने, 'द्वन्द्व भएका मुलुक बाहेकका देशहरूबाट पनि पर्यटकहरूले बुकिङ रद्द गरेका छन्।' यो बेलामा चितवन राष्ट्रिय निकुञ्जमा ढड्डीहरू फाँडेर टाढासम्म देखिने भएकाले सजिलै वन्यजन्तु हेर्न सकिन्छ। 'ठूला एजेन्सीहरूले अधिकांश बुकिङ रद्द गरेका छन्', उनले भने, 'आकाश असुरक्षित भएपछि को घुम्न आउँछ र?'

संघका उपाध्यक्ष गुणराज थपलियाले नेपालीहरूसमेत अहिले घुम्न आउन छाडेको उल्लेख गर्दै द्वन्द्वको प्रभावका कारण भएको महँगी र ती देशमा भएका आफ्ना इस्टमित्रको चिन्ताले नेपालीलाई घुम्ने र रमाउने उत्साह नभएको बताए। जहाज भाडा अत्यधिक बढ्दा पनि अन्य मुलुकबाटसमेत पर्यटक नआएको उनले जानकारी दिए।

पर्यटन व्यवसायी सुमन घिमिरेले आफ्नो होटलमा बुकिङ भएका ५० प्रतिशत रद्द भएको बताउँदै अक्टोबर र नोभेम्बरतिरको स्थगित नभएको तर तत्काल द्वन्द्व रोकिएमा क्रमशः सुधार हुने उल्लेख गरे।

द्वन्द्वका कारण मुख्य रुपमा युरोपियन, बेलायती, अमेरिकन, जर्मनलगायत देशका पर्यटकले यात्रा स्थगन गरेको उल्लेख गर्दै उहाँले मुख्य मौसमका रुपमा लिइने यो समयमा द्वन्द्व र निर्वाचनका कारण प्रभावित बनेपछि यो वर्ष समग्रमा पर्यटन व्यवसाय प्रभावित हुन पुगेको बताए। उनले भने, 'अब एक महिना बाँकी छ। यो मौसम राम्रो हुने देखिएन।' जहाँ जे हुँदा पनि पर्यटन क्षेत्र प्रत्यक्षरूपमा प्रभावित हुने गरेको भन्दै उनले चिन्ता व्यक्त गरे।

वनवास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपानेले मध्यपूर्व तनावका कारण पर्यटकहरूले बुकिङ रद्द गरेको बताए। यो मौसममा युरोपियनसहित विभिन्न देशबाट ठूलो संख्यामा पर्यटक आउने गरेको उल्लेख गर्दै उनले यसवर्ष द्वन्द्वका कारण प्रभावित बनेको भने। मध्यपूर्वका देशहरूमा ट्रान्जिट लिएर आउने जहाजहरू रोकिएपछि पर्यटन क्षेत्र प्रत्यक्ष प्रभावित बनेको न्यौपानेको भनाइ छ। उनले भने, 'युद्धले नेपालको हस्पिटालिटी क्षेत्रमा नराम्रो असर पऱ्यो।'

पर्यटन व्यवसायी सन्तोष गिरीले मुख्य मौसममा द्वन्द्व भएपछि प्रत्यक्ष प्रभाव पर्यटन क्षेत्रमा परेको छ भन्दै नेपाल आउने पर्यटकहरूले प्रयोग गर्ने एयरलाइन्स र ट्रान्जिटका विमानस्थलहरू बन्द हुँदा टिकट काटेका पर्यटकले बुकिङ रद्द गरेको बताए। उनले भने, 'द्वन्द्वको मारमा परेपछि घुम्न र रमाउन को आउने।'

सौराहामा १४८ वटा होटल छन्। जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ। यस क्षेत्रमा प्रत्यक्ष रुपमा ६ हजार ४०० ले रोजगारी पाएका छन्। अप्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजारभन्दा बढी छ। चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायीक वनमा दुर्लभ एकसिङ्गे गैंडा, पाटेबाघ, घडियाल गोहीलगायतका दुर्लभ वन, वन्यजन्तु र चराचुरुङ्गी हेर्न यहाँ स्वदेशी र विदेशी पर्यटकहरू आउने गर्दछन्। यसका अतिरिक्त सौराहामा थारू संस्कृति पनि पर्यटकका लागि रुचिकर बन्दछन्।

यसका साथै नेपालका विभिन्न संघसंस्थाले पनि सौराहामा कार्यक्रम गर्न आउँदछन् भने भारतीयहरू विवाहका लागि पनि सौराहा आउने गर्दछन्। द्वन्द्वले सबैतिर प्रभाव पार्दा अन्य क्षेत्रसँगै यहाँको पर्यटन क्षेत्र पनि प्रभावित बनेको हो।

रविना कन्स्ट्रक्सन लाई करिब सवा करोड जरिवाना

कालिका। कालिका नगरपालिकाले तोकिएको समयमै प्रशासकीय भवन निर्माण नगरेको उल्लेख गर्दै निर्माण कम्पनीलाई रू एक करोड १६ लाख जरिवाना गरेको छ। पटक-पटक म्याद थप गर्दासमेत काम नगरेपछि म्याद थप नगरी जरिवाना गरिएको हो।

नगरप्रमुख विनोद रेग्मीका अनुसार रविना कन्ट्रक्सनले विसं २०७६ फागुन १५ गते दुई वर्षमा काम सम्पन्न गर्ने गरी कार्यादेश लिएको थियो। मितिमा काम नसकिएपछि नगरपालिकाले चार पटक म्याद थप गरी अन्तिम २०८१ साल कात्तिक ३० गतेसम्म पुऱ्याएको थियो।

खरिद ऐनमा म्याद सकिएपछि काम नसकिएमा जरिवाना लगाएर काम गर्न समय दिन मिल्ने प्रावधान रहेको छ। नगरपालिकाका तर्फबाट गर्नुपर्ने सहजीकरण गर्दा समेत काम नगरेपछि कार्यपालिका बैठकले जरिवानाको निर्णय गरी नगर परिषद्बाटसमेत अनुमोदन गरिएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईंका अनुसार नगरपालिकाको निर्णय चित्त नबुझाइ उच्च अदालत हेटौंडामा निर्माण व्यवसायीले मुद्दा दर्ता गराएका थिए। उनका अनुसार अदालतले मुद्दा खारेज गरेको छ। निर्माण कम्पनीले काम ९५ प्रतिशत सम्पन्न गरेको छ। रू ११ करोड ५६ लाखमा भवन निर्माणको सम्झौता भएको थियो।

कम्पनीलाई हालसम्म रू सात करोड भुक्तानी गरिएको छ। निर्माण व्यवसायीले नगरपालिकालाई १० प्रतिशत रकम कटाएर भुक्तानी गर्न अनुरोध गरेको छ। चौलागाईंका अनुसार निर्माण कम्पनी मध्यस्थकर्ताकोमा छलफल गराउने प्रयासमा छ। छलफलपछि जरिवाना हटेमा बाँकी रकम पछि लिने गरी भवन हस्तान्तरण गर्ने तयारीमा कम्पनी छ।

उनका अनुसार जरिवाना रकम बाँकी राखेर अरु रकम भुक्तानी गर्न नगरपालिका तयार छ। भवनमा जेनजी आन्दोलनको समयमा तोडफोड भएको थियो। निर्माण कम्पनीले बिमा दाबी गरेर मर्मत सम्भार सकेको छ। आफ्नो भवन बन्न ढिला भएपछि झण्डै ९ वर्षदेखि नगरपालिकाको कार्यालय भाडाको भवनमा बस्न बाध्य छ।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

फिल्म/मनोरञ्जन

"धुरन्धर २" को व्यापार ५ सय करोड बढी

काठमाडौं। अभिनेता रणवीर सिंह अभिनीत 'धुरन्धर : द रिभेन्ज'ले यतिबेला भारतीय बक्स अफिसमा धमाका मच्चाइरहेको छ। १०२ करोड (१२१ करोड ग्रस)को कीर्तिमानी ओपनिङ गरेको यो फिल्मले प्रदर्शनको पाँच दिनमा अर्को नयाँ कीर्तिमान बनाएको छ। सोमबार फिल्मले भारतमा ५ सय करोडको आँकडा नघाएको हो। सोमबार मात्र फिल्मले ६५ करोडको व्यापार गऱ्यो।

ट्रेड पोर्टल स्याकनिल्कका अनुसार दोस्रो दिन ८०.७२ करोड, तेस्रो दिन ११३ करोड र चौथो दिन ११४ करोड कमाइसहित फिल्मको ५ दिनको कमाइ ५१९ करोड नेट पुगेको छ। फिल्मले पाँचौं दिन गरेको कमाइलाई बलिउडको 'अलटाइम रेकर्ड' भनिएको छ। यसअघि पाँचौं दिनमा सर्वाधिक कमाउने हिन्दी फिल्म 'पठान' थियो, जसले लगभग ६० करोड कमाएको थियो।

पाँच दिनमै भारतमा ५ सय करोड कमाएको 'धुरन्धर २'को ग्रस कमाइ भने ६१९ करोड रहेको छ। र, ओभरसिज (विदेश)को २२५ करोडसहित फिल्मको विश्वव्यापी ग्रस कमाइ ८४४ करोड पुगेको छ। फिल्मको व्यापारिक रफ्तार हेर्दा यसले पहिलो सातामै भारतमा साढे ६ सय करोड र विश्वव्यापी एक हजार करोडको आँकडा पार गर्न सक्ने देखिन्छ।

'धुरन्धर २'ले मंगलबारको कमाइबाट बलिउडका सर्वाधिक कमाउने तीन फिल्म 'एनिमल' (५५३ करोड), 'पठान' (५४३ करोड) र 'गदर २' (५२५ करोड) को रेकर्ड तोड्ने निश्चित देखिन्छ। फिल्मले मंगलबार ६० करोडमाथि कमाउने प्रक्षेपण गरिएको छ। यो हुँदा फिल्मको कमाइ झण्डै ५८० करोड पुग्नेछ। यसले भारतमा १५ सय करोडसम्म कमाउन सक्ने अनुमान गरिएको छ।

'धुरन्धर : द रिभेन्ज'को रनटाइम ३ घण्टा ४९ मिनेट रहेको छ, जसले यसलाई २१औं शताब्दीको दोस्रो सबैभन्दा लामो बलिउड फिल्म बनाएको छ। बदला र ग्याङवारको कथामा आधारित यस फिल्ममा रणवीरसहित अर्जुन रामपाल, सञ्जय दत्त, आर माधवन लगायतको मुख्य भूमिका रहेको छ। फिल्मलाई आदित्य धरले लेखन, निर्देशन तथा निर्माण गरेका हुन्।

"लालिमा"को व्यापारमा ह्रास, ६ लाख पुऱ्याउन हम्मेहम्मे

काठमाडौं। गत माघ १६ गते प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा अभूतपूर्व व्यापार गऱ्यो। यसले प्रदर्शनको ५१ दिनसम्ममा १३ करोडमाथि कमाइसकेको छ। तर, यसपछि प्रदर्शनमा आएका नेपाली फिल्मले अपेक्षित व्यापार गर्न सकेका छैनन्। अघिल्लो साता प्रदर्शन भएको फिल्म 'लालिमा' पनि व्यापारिक रूपमा निकै कमजोर देखिएको छ।

'लालिमा'ले अपेक्षित व्यापार गर्न नसकेपछि धेरै हलले आइतबार नै फिल्मलाई उतारेका थिए। बिहीबारबाट 'धुरन्धुर २' रिलिज भएसँगै दोस्रो सातामा फिल्मको देशव्यापी शो एउटा मात्र छ। यसको मतलब फिल्म डिजास्टर बनेको छ। फिल्मको ९ दिनको कमाइबाट निर्माताको हातमा बढीमा १ लाख पर्ने देखिन्छ। जबकि, फिल्मको लागत नै एक करोडमाथि रहेको बताइएको छ।



चलचित्र विकास बोर्डले सोमबार साप्ताहिक रुपमा सार्वजनिक गर्ने बक्स अफिस तथ्यांकमा उक्त फिल्मको ९ दिनको व्यापार ६ लाख पनि पुगेको देखिँदैन। बोर्डको तथ्यांक अनुसार फिल्मले गत शनिबार (७ चैत)सम्म ५ लाख २९ हजार ७३८ रुपैयाँ ग्रस कमाएको छ। यो अवधिमा फिल्मका २ हजार ४० वटा मात्र टिकट बिक्री भएका छन्।

बोर्डले 'लालिमा'सँगै 'आ बाट आमा'को पनि शनिबारसम्मको व्यापार सार्वजनिक गरेको छ। जसअनुसार यो फिल्मले १३ करोड १० लाख ९२ हजार ७७५ रुपैयाँ ग्रस कमाएको छ। फिल्मका ५ लाख ३ हजार ११४ वटा टिकट बिक्री भएका छन्। यस वर्ष १३ करोडमाथिको व्यापार गर्ने यो दोस्रो फिल्म हो। यसअघि 'परान'ले १७ करोडभन्दा बढी कमाइ गरेको थियो।

Cell: 9845067414
B. & B. Media Network
[P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
• Visiting card • Wedding card • Number Plate
• Color Print • Nylon Stamp • Bill/Receipt
• Computer Design • Flex/Photo Print • All kinds of Printing Job

अङ्कुरम् एकेडेमीमा अभिभावक प्रशिक्षण कार्यक्रम

भरतपुर। भरतपुर-७, कृष्णपुर स्थित अङ्कुरम् एकेडेमीमा शनिबार दुई सत्रमा अभिभावक विशेष प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। बालबालिकालाई आत्मविश्वासी, सहनशील र खुसी बनाउँदै उनीहरुको भावनात्मक तथा व्यावहारिक आवश्यकताहरु बुझ्न सक्ने अभिभावक तयार गर्ने उद्देश्यले विद्यालयले सो कार्यक्रम आयोजना गरेको हो। पछिल्लो समय बालबालिकाको मानसिक स्वास्थ्य, व्यवहार र अभिभावक-बालबालिका सम्बन्धलाई सुदृढ बनाउने विषयबारे बढ्दो चासोलाई मध्यनजर गरी कार्यक्रम सञ्चालन गरिएको विद्यालयले जनाएको छ।

प्रख्यात न्युरो-लिङ्गिविस्टिक प्रोग्रामिङ (एनएलपी) प्रशिक्षक जोश बी. निरौलाले प्रशिक्षण दिएको कार्यक्रम दुई चरणमा गरिएको थियो। पहिलो चरणको कार्यक्रममा अङ्कुरम् एकेडेमीमा अध्ययनरत विद्यार्थीका अभिभावकहरु सहभागी भएका थिए भने दोस्रो चरणको कार्यक्रममा छिमेकी विद्यालयहरुमा अध्ययनरत विद्यार्थीका इच्छुक अभिभावकहरुलाई सहभागी गराइएको थियो। आफ्नो सामाजिक उत्तरदायित्वलाई समुदायसम्म पुऱ्याउन दोस्रो चरणमा प्रशिक्षण गरिएको विद्यालयले जनाएको छ।

विद्यालयका प्राचार्य सुमन पौडेलका अनुसार न्युरो-लिङ्गिविस्टिक प्रोग्रामिङ 'मानव सोच, भाषा र व्यवहारबीचको अन्तरसम्बन्ध बुझ्ने एक प्रभावकारी मनोवैज्ञानिक तथा व्यावहारिक विधि हो, जसले व्यक्तिको सोचाइ र व्यवहारलाई सकारात्मक दिशामा परिवर्तन गर्न' सहयोग पुऱ्याउँछ। प्राचार्य पौडेलले अभिभावकले आफ्ना बालबालिकासँग गर्ने दैनिक व्यवहार, बोलचाल र प्रतिक्रिया नै उनीहरुको व्यक्तित्व विकासमा महत्त्वपूर्ण हुने बताए।

प्रशिक्षणका क्रममा अभिभावकहरुले बालबालिकासँग प्रभावकारीरुपमा संवाद गर्ने तरिका, उनीहरुको भावना बुझ्ने सीप, विश्वास र सम्मानमा आधारित सम्बन्ध निर्माण गर्ने उपाय तथा सकारात्मक अनुशासनका अभ्यासहरुबारे व्यावहारिक ज्ञान हासिल गरेका थिए। वास्तविक जीवनका उदाहरणहरु प्रस्तुत गर्दै प्रशिक्षक निरौलाले अभिभावकहरुलाई दैनिक जीवनमा लागू गर्न सकिने सरल तर प्रभावकारी विधिहरु सिकाएका थिए।

कार्यक्रम अन्तर्क्रियात्मक शैलीमा सञ्चालन गरिएको थियो, जसमा अभिभावकहरुले खुलेर आफ्ना जिज्ञासा र अनुभवहरु 'सेयर' गरेका थिए। उनीहरुले उठाएका विभिन्न प्रश्नहरुको प्रशिक्षक निरौलाले व्यावहारिक र सान्दर्भिक जवाफ दिएका थिए, जसले कार्यक्रमलाई प्रभावकारी, रोचक र सहभागितामूलक बनाएको थियो।

चितवनको एकमात्र 'क' वर्गको विद्यालय अङ्कुरम् एकेडेमीले बालबालिकाको सर्वाङ्गीण विकाससँगै अभिभावकीय शिक्षा र सचेतनामा जोड दिँदै यस्ता कार्यक्रमहरु निरन्तर सञ्चालन गर्दै आएको छ।

विद्यालयकी निर्देशक सरला पौडेलले अभिभावक र विद्यालयबीचको सहकार्य बलियो भएमात्रै बालबालिकाको समग्र विकास सम्भव हुने बताइन्।

कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै विद्यालयका आवासीय निर्देशक नइम चौधरीले सहभागीहरुलाई स्वागत गरेका थिए भने कार्यक्रम उनकै सभापतित्वमा सम्पन्न भएको थियो। प्रशिक्षणमा सहभागी अभिभावकहरुले कार्यक्रम उपयोगी, प्रेरणादायी र व्यावहारिक भएको प्रतिक्रिया दिएका थिए।

पहिरोको ...

पुऱ्याएको उनले बताए। ती ठाउँमा विपद्मार्फत् विनियोजित रु २५ करोडबाट पहिरो रोकथामको तयारी गरिएको उनले उल्लेख गरे।

प्रमुख लामिछानेका अनुसार तीबाहेकका अन्य ठाउँमा पहिरो रोकथामका लागि रु २० करोड बजेट विनियोजन भएको छ। बोलपत्र आह्वान्का लागि तयारी गरिएको जनाउँदै उनले नक्साङ्कन पूरा भएकाले केही दिनमा बोलपत्र आह्वान् गरी बर्सातअघि जोखिम रहेका ठाउँमा पहिरो रोकथाम तथा न्यूनीकरणका काम गरिने बताए। वर्षा सुरू भएसँगै सडक पहिरोको जोखिममा पर्नसक्ने भएकाले आवश्यक तयारीसमेत कार्यालयले गरेको जनाएको छ।

केही वर्षअघि सडक विस्तारका क्रममा भित्तो काटिएको थियो। भित्तो काटिएका र नयाँ ठाउँमा समेत लेदोसहितको पहिरो खस्दा बर्सातको समयमा यस सडकमा समस्या हुने गरेको छ। यही सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन्। राजधानी काठमाडौँका लागि यो सडक लाइफ लाइनका रूपमा लिने गरिन्छ।

ट्याङ्करको ...

महानगरपालिका-७ का अन्दाजी ३५ वर्षीया मीना रेग्मी रहेकी छन्। उनी स्कुटरको पछाडि बसेकी थिइन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दीपक रिजालका अनुसार खैरहनीबाट भरतपुरतर्फ आउँदै गरेको लु २ ख २८९४ नम्बरको ट्याङकरले भित्री सडकबाट निस्किँदै गरेको ना ५५ प ८०७७ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो। ठक्करबाट स्कुटर चालक भरतपुर महानगरपालिका-७ का ५३ वर्षका पूर्ण सापकोटा सकुशल रहेका प्रहरी निरीक्षक रिजालले जानकारी दिए।

ट्याङ्करले सडकछेउमा रोकिराखेको ना ६५ प ७८८३ र ना ५५ प ८०८३ नम्बरको मोटरसाइकललाई पनि ठक्कर दिएर क्षति पुऱ्याएको छ।

ट्याङ्करले एउटा साइकललाई समेत ठक्कर दिएको थियो साइकल पनि रोकेर राखिएको थियो।

ट्याङ्कर चालक राप्ती नगरपालिका-७ का २४ वर्षीय सुजन तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

आकस्मिक एम्बुलेन्स सेवा

रेडक्रस चितवन	५२०१३३
कावासोती	५४०४१८
परासी	५२०१२५
रत्ननगर	५६०२०१
चनौली	९८४५०५६९३९
ज्योतिनगर	९८५५०५८४७४
गीतानगर	९८४५०६५९६३
महेन्द्रचोक	९८४५११२२८४
गैंडाकोट	५०११००
पर्सा	९८५५०५७१७२
पिठुवा	५६१२७४
पटिहानी	९८४५०४७४८७
शारदानगर	९८४५०५६६३७
भण्डारा	५५०१३३
शक्तिखोर	९८४५०५६०३३
सहमति, गैंडाकोट	९८५५०५६५५९
नेपाल क्षयरोग नि. संस्था	९७४५०६७४००

अस्पताल काठमाडौं

वीर अस्पताल	४२२३८०७
	४२२१९८८
शिक्षण अस्पताल	४४१२४०४
	४४१२५०५
कान्ति बाल अस्पताल	४४१४७९८
टेकु अस्पताल	४२५३३९६
	४२५३३९५
वीरेन्द्र प्रहरी अस्पताल	४४१२४३०
आँखा अस्पताल	४२६०८१३
	५५२२२६६
मानसिक अस्पताल	५५२१३३३
	५५२१६१२

अस्पताल चितवन

भरतपुर अस्पताल	५२०१११
क्यान्सर अस्पताल	५२४५०१
आँखा अस्पताल	५२०३३३
कलेज अफ मेडिकल साइन्सेस	५२४२०३
नारायणी सामुदायिक अस्पताल	५२५५१७
ब्लड बैंक भरतपुर	५२०८८०

प्रहरी प्रशासन

जिल्ला प्रहरी कार्यालय	५२०१५५
जिल्ला प्रशासन कार्यालय	५२०१०५
सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय	५२०५४४
वडा प्रहरी कार्यालय, पुल्चोक	५७११४६
जिल्ला ट्राफिक कार्यालय	५२४८९९
इलाका प्रहरी कार्यालय, गैंडाकोट	५०११९९
विद्युत प्राधिकरण, भरतपुर	५२०१६६
भरतपुर महानगर	५२१४६७
रामग्राम नगरपालिका	५२०१९३
रत्ननगर नगरपालिका	५६०३४३

पत्रपत्रिका/सञ्चार

नेपाल पत्रकार महासंघ, चितवन	५३२६५०
नेपाल पत्रकार महासंघ नवलपरासी	५२०४७९
रेडियो साइनो एफ.एम.	९८४४१३४३००
सिनर्जी एफ.एम.	५२६९१६
कालिका एफ.एम.	५२७१५८
विजय एफ.एम.	५०१४०४
हाम्रो एफ.एम.	५३२९९६
कान्तिपुर दैनिक	५३१३००
चितवन पोष्ट दैनिक	५९५६२१
अन्नपूर्ण पोष्ट	५२४५९८
कायाकैरन दैनिक	५३३१६६

पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक — साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

मेष

यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

वृष

यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

मिथुन

यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

कर्कट

यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

सिंह

रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

कन्या

यो साता रमणीय र सुखद यात्राको योग छ। कहींकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

तुला

यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

वृश्चिक

आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

धनु

यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

मकर

शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

कुम्भ

यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

मिन

यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

इनिशा प्रकरण : न्याय दिलाउन शान्तिपूर्ण प्रदर्शन

भरतपुर। इनिशा विकलाई न्याय दिलाउन माग गर्दै चितवनमा शान्तिपूर्ण विरोध प्रदर्शन गरिएको छ। दलित समुदायका युवायुवतीहरूको

आयोजनामा भएको कार्यक्रम भरतपुरको चौबिसकोठीबाट सुरू भई जिल्ला प्रहरी कार्यालय चितवनसम्म पुगेको थियो।

प्रदर्शनका क्रममा सहभागीहरूले जिल्ला प्रहरी कार्यालयको प्राङ्गणमा केही समय नाराबाजी गर्दै घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही गर्न माग गरेका थिए। त्यसपछि पुनः चौबिसकोठीमा फर्किएर कार्यक्रम कोणसभामा परिणत भएको थियो।

कोणसभालाई सम्बोधन गर्दै दलित अधिकारकर्मी विपीन रामुदामुले पीडितले न्याय नपाउँदासम्म आन्दोलन जारी रहने चेतावनी दिए। उनले दलित समुदायमाथि हुने विभेद तथा हिंसाका घटनामा राज्य गम्भीर हुनुपर्नेमा जोड दिए।

त्यस्तै, अर्का अधिकारकर्मी गोपाल विश्वकर्माले दोषीलाई उन्मुक्ति दिने प्रयास भए कडा आन्दोलनमा उत्रिने बताउँदै सामाजिक न्यायका लागि सबै पक्ष एकजुट हुनुपर्ने धारणा राखे।

कार्यक्रममा राष्ट्रिय दलित पत्रकार संघ, नेपालका केन्द्रीय पार्षद् अमीर रामदामले सञ्चारमाध्यमले यस्ता घटनालाई प्राथमिकताका साथ उठाउनुपर्ने बताए।

उनले सत्यतथ्य बाहिर ल्याउन पत्रकारहरूको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै न्याय सुनिश्चित गर्न निरन्तर खबरदारी आवश्यक रहेको धारणा राखे।

कार्यक्रमको समापन अभियन्ता रोजी विश्वकर्माले धन्यवाद ज्ञापनसहित गरेकी थिइन्। उनले न्यायका लागि देखिएको एकताले सकारात्मक सन्देश दिएको उल्लेख गर्दै आवश्यक परे थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताइन्।

साढे दुई लाख बाख्रालाई 'पिपिआर' खोप लगाइने

भरतपुर। यही चैतको तेस्रो सातादेखि जिल्लाका सातै पालिकामा 'पिपिआर' खोप अभियान सञ्चालन गरिने भएको छ। अभियानअन्तर्गत दुई लाख ५० हजार बाख्रालाई सो खोप लगाइने लक्ष्य निर्धारण गरिएको छ। जिल्लामा अहिले तीन लाख बाख्रा पालिएको जनाइएको छ।

पशुसेवा कार्यालयका प्रमुख डा. प्रभात न्यौपानेका अनुसार यो रोग 'मोरडिली' भाइरसका कारण लाग्ने गर्दछ। उनले भने, 'रोग लागेपछि ५० देखि ९० प्रतिशत बाख्रा मर्ने गर्दछन्। यो रोग लागेका बाख्रामा उच्च ज्वरो आउने, मुखमा घाउ हुने, झाडापखाला लाग्ने, नाक-आँखाबाट सिँगान बग्ने, निमोनिया भए जस्तो हुने, श्वास फेर्न गारो हुने, खान मन नलाग्ने, कमजोर हुने हुँदा छिट्टै मर्नेजस्ता लक्षण देखिन्छ।'

प्रमुख डा. न्यौपानेले यो रोग सुरूमा तीन दिनदेखि पाँच दिनमा देखिन्छ र सातदेखि १० दिनभित्र बाख्रा मर्न सक्ने बताए। कार्यालयले हरेक वर्ष बाख्रामा यो रोग विरुद्धको खोप दिइँदै आएको छ। यसको रोगी बाख्राको जुत्तोबाट, रोगी बाख्राको नाकबाट निस्कने सिँगानबाट, आँखाबाट निस्कने आँशुको माध्यमबाट, रोगी बाख्राले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणहरुमा भएका विषाणुबाट सङ्क्रमण फैलिने हुन्छ। यसका साथै खाने पानी, दानाको डुँड र प्रयोग गरिएको सोत्तर पनि विषाणुबाट सङ्क्रमित भई सङ्क्रमण फैलिने हुन्छ।

व्यावसायिकरूपमा बाख्रापालन गर्ने किसानले जैविक सुरक्षाको विधि अवलम्बन गर्न उनले सुझाव दिए। यस रोगबाट बाँच्न रोगी बाख्राको शरीरबाट निस्कने आँशु, सिँगान र मलमूत्रमा यस रोगका विषाणु प्रसस्त मात्रामा रहेका हुन्छन् त्यसैले रोगको सङ्क्रमण फैलिन नदिन रोगी बाख्रालाई बथानबाट अलग्गै राख्नुपर्ने उनले बताए।

पिपिआर रोगले मरेका पशुलाई गाड्नु वा जलाउनुका साथै रोगी बाख्रासँग लसपस भएका सरसामान जलाउनु वा गाड्ने गर्नुपर्दछ।

यस रोगबाट बचाउनका लागि तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडा बाख्रालाई प्रत्येक दुई वर्षमा यस रोगविरुद्ध खोप लगाउनु पर्दछ।

गोठमा नयाँ बाख्रा ल्याउनुपर्ने भएमा यस रोगविरुद्ध खोप लगाएर मात्र ल्याउनुपर्दछ। तीन हप्तासम्म अलग्गै राखी पिपिआर विरुद्ध खोप लगाएर मात्र बथानमा मिसाउन उनले आग्रह गरे।

फोन : ९८४६४७५३४१
९८४६८५२९१५

गोरखा फेन्सी

भरतपुर-११, बसेनी

हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"

तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.

Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.

मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर

कुनै पनि किसिमको घर तथा व्यबसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौं।

मुख्य कार्यालय मो. : ९८६५०४२९५६
९८४५९२७८८१
शाखा कार्यालय मो. : ९८४३९१४०३१
तामाङ छिटोछरितो निर्माण सेवा प्राली
TikTok

डिभिजन वन कार्यालय, चितवनको अनुरोध

- गर्मीयामको सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने संभावना भएकोले यसवाट जनधन, वन, वन्यजन्तु तथा जैविक विविधताको ठुलो क्षति हुन सक्दछ। त्यसैले वन डढेलोवाट बच्न निम्न तरीकाहरु अपनाऔं।
- बस्ती तथा वन जंगलको छेउछाउमा आगो नवालौं।
- चुरोट विंडी खाएर आगो सहितको ठुटा जहाँतहीं नफलौं।
- सामुदायिक वन, कबुलियती वन उपभोक्ता समुहहरुले वनमा भएका पातपतिङ्गर तथा सोत्तरसफा गरी अग्नीरेखा निर्माण गरौं
- वन भोज जाँदा सकेसम्म वन जंगल बाहिर जाने गरौं। वनभोज सकिए पछि आगो राम्ररी निभाऔं।
- नजिकको वन क्षेत्रमा आगलागी भएमा उपभोक्ता, वन कर्मचारी एवं प्रहरी प्रशासनको सहयोगमा निभाऔं।
- वनमा आगो लगाउनु दण्डनिय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारवाही गराऔं।
- सकेसम्म वनमा डढेलो लाग्न नदिऔं, लागी हालेमा सवै मिली तुरुन्त निभाऔं, आफु बच्न वनलाई बचाऔं।
- कोही कसैले जानी जानी राष्ट्रिय वनमा आगो लगाउने अपराध गरे गराएमा बिगो (नोक्सान भएको रुख विरुवाको मुल्य) असुल गरी रु.६००००।- सम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

खवरका लागि प्रहरीको फोन नं. १००
डिभिजन वन कार्यालय चितवनको ९८५५०९२२२२
९८५५०५७२१५

डिभिजन वन कार्यालय, चितवन

भरतपुर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

भरतपुर महानगरपालिका
वातावरण तथा विपद व्यवस्थापन महाशाखा

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"

- चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरू नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४